# सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमण नेपालमा पनि फैलिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार लगायत संबद्ध निकायहरूबाट जारी भएका आदेशहरुको निरन्तरता र विद्यमान अवस्थाको मूल्याङ्कनसमेतका आधारमा अदालतहरूबाट सम्पादन हुने कामकारवाही तथा सेवा प्रवाहका सम्बन्धमा बैठकमा छलफल भई देहायबमोजिम गर्ने गरी निर्णय गरियोः-

क) सर्वोच्च अदालतबाट सम्पादन हुने कामकारवाही र सेवाप्रवाहका सम्बन्धमा मिति २०७८।०२।३१ को पूर्ण बैठकको निर्णयबमोजिमका कामकारवाही र सेवाहरूलाई निरन्तरता दिंदै कोराना भाईरस संक्रमणको जोखिमको आंकलन एवम् स्वास्थ्य सुरक्षासम्बन्धी निर्धारित मापदण्डहरूको पूर्णपालना हुने गरी देहायका काम कारवाही र सेवाहरू थप गरी सो अनुरूपको व्यवस्थापन र सेवाप्रवाहलाई मिति २०७८।०३।१४ गतेसम्म निरन्तरता दिनेः-

(अ) प्रचलित कानूनबमोजिम हुनसक्ने मिलापत्र र मुद्दा फिर्तासम्बन्धी कामकारवाही,
(आ) व्यक्तिको तर्फबाट पर्न आएका दोहोऱ्याई पाउँ भन्ने निवेदनहरूको सुनुवाई,
(इ) विपक्षी झिकाउने आदेश नभएका साधकको सुनुवाई,

ख) उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत र न्यायाधिकरणहरूको काम कारवाही तथा सेवाप्रवाह एवम् हदम्याद, म्याद र तारेखसमेतका विषयमा मिति २०७८।०१।१४ को पूर्ण बैठकको निर्णयानुसार हुने।

मिति : २०७८।०३।०७

देवेन्द्र ढकाल
सहप्रवक्ता